सप्तकोशी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

फत्तेपुर, सप्तरी

मधेश प्रदेश

### आन्तरिक श्रोत संकलन सम्बन्धी

# शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए अनुसार यस नगरपालिकाको क्षेत्र भित्र आ.व. ०७९/८० का लागि तपसिल बमोजिमको आन्तरिक श्रोत संकलन गर्न इच्छुक व्यक्ति, संघसंस्था, फर्म तथा कम्पनीहरुबाट निम्न बमोजिम रीत पुर्याई शुल्क संकलनका लागि शिलबन्दी दरभाउपत्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| दरभाउपत्र नं. | आन्तरिक श्रोत संकलन विवरण | क्षेत्र | न्यूनतम मासिक कबोल अंक (करसहित) | दरभाउपत्र फारम दस्तुर | खरिद तथा पेश गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोल्ने समय | आवश्यक धरौटी र बैंक खाता नं. | कै. |
|---|---|---|---|---|---|---|---|---|
| ०१/आ.श्रो. प्याकेज नं.१ | सवारी पार्किङ्ग तथा सरसफाई शुल्क | नगर क्षेत्र | ८०,०००।- | रु. १०००।०० (पछि फिर्ता नहुने गरी) | सूचना प्रकाशन भएको मितिले ३ दिन भित्र खरिद र ४ औं दिन दिनको १२:०० बजे भित्र नगरपालिकाको कार्यालयमा दाखिला हुनु पर्नेछ । | ४ औं दिन दिउँसो २:०० बजे | कबोल अंकको ५% रकम नेपाल बैंक लि. फत्तेपुर शाखाको खाता नं. ११३०३०००००३०००००१ को धरौटी खातामा रकम जम्मा गरेको सक्कल भौचर । | |
| ०२/आ.श्रो. प्याकेज नं.२ | हाटकर | वडा नं.१ को फत्तेपुर, सोमबारे, शुक्रबारे (पशु हाट समेत) | १८,०००।- | | | | | |
| ०३/आ.श्रो. प्याकेज नं.३ | हाटकर | वडा नं. ४ को बलार्दह हटिया र वडा नं. ८ को मंगल हटिया | १०,५००।- | | | | | |

**शर्तहरू:**

१. दरभाउपत्र खरिद गर्दा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र फर्म वा कम्पनी भए फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि साथ निवेदन पेश गरी कार्यालयबाट खरिद गर्न सकिने ।

२. दरभाउपत्र साथ सक्कल भौचर र नेपाली नागरिकताको प्रतिलिपि र फर्म वा कम्पनी भए फर्म दर्ता प्रमाणपत्र, कर दर्ताको प्रतिलिपि र नियमानुसार कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न राखी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ । साथै दरभाउपत्र पेश गर्ने खाम बाहिर प्रष्ट बुझिने गरी ठेक्का नं. र ठेक्का विवरण उल्लेख गरी शिलबन्दी दरभाउपत्र दाताको नाम, थर, ठेगाना र सम्पर्क नं. समेत उल्लेख भएको हुनु पर्नेछ ।

३. पहिलो किस्ताको रकम ठेक्का अंकको ५० प्रतिशत कायम गरिने र अन्य दुई किस्तामा २५/२५ प्रतिशतमा विभाजन गरिनेछ । पहिलो किस्ताको रकम ठेक्का सम्झौता सँगै यस कार्यालयमा बुझाउनु पर्नेछ । बाँकी किस्ताको हकमा सम्झौता बमोजिम हुनेछ।

४. म्याद नाघी आएको, रीत नपुगेको र सर्त राखिएको दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन ।

५. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने वा खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनको सोही समयमा हुनेछ ।

६. दरभाउपत्रदाताले दरभाउपत्र पेश गर्दा मूल्य अभिवृद्धि कर सहितको कबोल अंक उल्लेख गर्नु पर्नेछ । प्रचलित कानुन बमोजिम लाग्ने कर, दस्तुर आदि बुझाउनु पर्ने रकम ठेकेदार आफैले बुझाउनु पर्नेछ । मूल्य अभिवृद्धि करको हकमा प्रचलित कानुन बमोजिम लाग्ने मू.अ.कर रकम किस्ता भुक्तानी सँगै अग्रीम रूपमा बुझाउनु पर्नेछ ।

७. सम्झौता रकम कायम गर्दा सम्झौता भएको मिति देखि आर्थिक वर्षको अन्त्य सम्मको अवधिलाई आधार मानी कायम गरिनेछ।

८. कार्यालयसँग बाँकी बक्यौता रहेका व्यक्ति, फर्म, संस्था शिलबन्दी दरभाउपत्रका लागि ग्राह्य हुने छैनन्।

९. विस्तृत जानकारीको लागि नगरपालिकाको कार्यालयमा वा फोन नं. ०३१-५५००१९ मा समेत बुझ्न सकिनेछ।

१०. अन्य विषयहरू प्रचलित कानुन बमोजिम हुनेछ।

२०७९।१०।२८

प्रमुख प्रशासकीय अधिकृत

CamScanner